२०८२ फाल्गुन २६ गते मंगलबार

मिति : २०८२/११/२६ को कार्यपालिका बैठकका निर्णयहरू :

निर्णय नं.-१.

पुतलीबजार नगरपालिका वडा नं. ५ कटुन्जे स्थित सामुदायिक भवनको झ्याल र ढोकाका लागी प्राविधिक लागत अनुमान वमोजिमको आवश्यक बजेट/रकम सम्बन्धित शिर्षकबाट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

पुतलीबजार नगरपालिका ११,स्थित पानीचौतारा / विमराबोट स्थित २०० रोपनी खेतीयोग्य सिंचाइको लागि सशर्त अनुदानलाई विनियोजित बजेट साना सिंचाईबाट रु. १००,०००। बजेट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-३.

एक वडा एक नर्सरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४.

यस नगरपालिका द्वारा यस पुर्व गरिएको निर्णय कार्यन्वयन तथा प्रगतिको अवस्थाको सम् बन्धमा बैठकमा छलफल गर्दा सन्तोषजनक रहेको पाइयो र केहि कार्यन्वयन हुन बाकी योजना तथा कार्यक्रम यथाशीघ्रसम्पादन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५.

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली बमोजिम निर्दिष्ट आधारहरु बमोजिम आर्थिक वर्ष २०८१/०८२ का पुष्टयाइँका प्रमाणहरु संकलन गरि आगमी चैत्र १५ गते भित्र एकिकृत रुपमा अनलॉईन प्रविष्टिको प्रबन्ध गर्ने निर्णय गरियो।

निर्णय नं.-६.

नगरपालिकाद्धारा विनियोजित बजेट बाट नौमति वाजा बजाउने तालिमका लागि निर्दिष्ट मापदण्डको आधारमा सहभागी छनौट गरी पठाउनु पर्नेमा केहि वडाबाट हालसम्म सहभागी छनौट भई आइनसकेकोले (वडा नं ५, ६ र १४ बाट) तत्काल महिला ९/९ जना र पुरुष १/१ जना गरी १०/१० जनाको सहभागीं टिम छनौट गरी पठाउन सम्बन्धित वडालाई पत्राचार गर्ने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख

२०८२ फाल्गुन २६ गते मंगलबार

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

निर्णय नं. ७.

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेशबाट स्वीकृत नवप्रवर्द्धन साझेदारी परियोजनाको मुस्लिम समुदाय लक्षित चुरापोते निर्माण उद्यम विकास तथा व्यवसाय परियोजनाका लागि लक्षित समुदायमा लक्षित वडा मार्फत वडावासी दक्ष/अगुवा, १०/१० जना, व्यवसायी तथा उद्यमी एवं समाज सेवी प्रतिनिधिहरुको मनोनयन/छनौट गरी तत्काल निर्दिष्ट ढाँचामा यथाशीघ्र पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ८.

कृषि स्नातक - १, **WASH** सव-ईन्जिनियर १, स.क.अ.१ र सफाई केन्द्रमा चौकीदार १ जना जनशक्ति सेवा करारमा भर्ना तथा छनौटको प्रबन्ध गर्ने निर्णय गरियो ।

निर्णय नं.-९.

पुतलीबजार नगरपालिका -१४ स्यानीचौर स्थित खानेपानी कुवा निर्माण तथा सुधार गरी स्वच्छ खानेपानी व्यवस्थापनको लागि रु१२००००/- वजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० :

पुतलीबजार नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण एवं परिमार्जिक प्रतिवेदन तयारी गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा लेखा अधिकृत सदस्य र प्रशासन शाखा प्रमुख सदस्य सचिव रहेको समिति लाई कार्यसम्पादन गर्न पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख